नेपाल सरकार

भूमि सुधार तथा व्यवस्था मन्त्रालय

# नापी विभाग

स्थलरुप नापी महाशाखा मिनभवन, काठमाडौं ।

३० दिने बोलपत्र र १५ दिने दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति २०६६।७।२१)

यस महाशाखाको आ.व. ०६६।६७ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये निम्न लिखित प्याकेजमा सामानहरु खरिद गर्नु पर्ने भएकाले सो सामान आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/संस्था/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रित पूर्वकको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र तथा दरभाउ पत्र पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१) सिलबन्दी बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं र दरभाउपत्र १५ औं दिनको ४.०० बजेसम्म देहायमा तोकिएको रकम (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिने छ । अन्तिम दिन बिदा परेमा त्यसको भोलीपल्ट कार्यालय खुलेको ४.०० बजेसम्म खरिद गर्न सकिने छ ।

२) सिलबन्दी बोलपत्र प्रथम पटक प्रकाशित भएको मिति ३१ औं र दरभाउपत्र १६ औं का दिन १२.०० बजे भित्र यस महाशाखामा दर्ता गराई सक्नु पर्नेछ । सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ ।

३) पर्न आएको सिलबन्दी बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन र दरभाउपत्र १६ औं दिन दिनको २.०० बजे यस महाशाखामा उपस्थित फर्म/संस्था/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर फर्म, संस्था, कम्पनीको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी बोलपत्र र दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । उक्त सिलबन्दी बोलपत्र र दरभाउपत्र खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन १२.०० बजे सिलबन्दी खोलिने छ ।

४) बोलपत्रको मान्य अवधि भएको आफुले कबुल गरेको रकमको कम्तिमा २.५% (अढाई प्रतिशत) रकम बराबरको यस महाशाखाको नाममा मान्यता प्राप्त बैंकबाट जारी भई बोलपत्रको मान्य अवधिभन्दा कम्तिमा एक महिना बढी म्याद भएको बिडबण्ड वा नेपाल राष्ट्र बैंक थापाथलीमा यस महाशाखाको नाममा रहेको धरौटी खाता नं. १३१३७७ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्नेछ ।

५) बोलपत्र र दरभाउपत्र साथ सिलबन्दी बोलपत्र दाता र दरभाउदाताको ग्राहयताको आधार तथा प्रमाणित गर्न देहायको कागजात पेश गर्नु पर्नेछ ।

(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी (ख) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी (ग) मूल्य अभिवृद्धि कर र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपी (घ) आयकर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (ङ) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा घोषणाको सक्कल प्रति राख्नु पर्नेछ ।

६) सिलबन्दी बोलपत्र र दरभाउ फारम बुझाउदा सिलबन्दी गरी खामको बाहिर आपूर्ति गर्ने सामानको नाम लेखि सिलबन्दी बोलपत्र/ दरभाउपत्र भनि स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । आपूर्ति गर्ने सामानको स्पेसिफिकेसन, फारम साथ संलग्न गरिएको छ ।

७) सूचनाको दफा ५ बमोजिम कागजात नभएको, रीत नपुगेको, दस्तखत तथा छाप नभएको र स्पेसिफिकेसनसँग Meet नहुने बोलपत्र/ दरभाउपत्र उपर कुनै कारबाही हुने छैन । अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सोही नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

८) सिलबन्दी बोलपत्र र दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नापी विभागमा रहने छ ।

९) यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समय भित्र यस महाशाखाको आन्तरिक व्यवस्था शाखा र भण्डार शाखामा सम्पर्क राख्न सकिनेछ । वेभ साइटमा पनि सूचना राखिने छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बोलपत्र | प्याकेज १ | उत्पादनतर्फको प्राविधिक सामान | रु. १०००।- | ३० दिने |
| २ | दरभाउपत्र | प्याकेज २ | सेटलाईट इमेज डाटा | रु. ३००।- | १५ दिने |
| ३ | दरभाउपत्र | प्याकेज ३ | ब्रान्डेड डेक्स टप कम्प्यूटर | रु. ३००।- | १५ दिने |
| ४ | दरभाउपत्र | प्याकेज ४ | म्याप/इमेज प्रिन्टर (प्लटर) | रु. ३००।- | १५ दिने |